# वैदिक सभ्यतामा आश्रम व्यवस्था

सुशीलकुमार अधिकारी
संस्कृति विभाग
महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर
adhikarisushil2024@gmail.com

## लेखसार

प्रस्तुत लेख पूर्वीय वैदिक दर्शनमा आश्रम व्यवस्थाको विश्लेषणमा केन्द्रित छ । प्रस्तुत लेखमा प्राचीन आर्य ग्रन्थका रूपमा स्थापित वैदिक ग्रन्थमा उल्लिखित साहित्यको निरन्तरता धर्मसूत्र, पौराणिक ग्रन्थस्मृति र श्रुतिमा अभिव्यक्त भएका दृष्टिकोणलाई संश्लेषण गरी तिनको विश्लेषण भएको छ । प्रचीन वैदिक संहिता र त्यसको विस्तारित व्याख्या गर्ने परवर्ती वाङ्मयले विस्तारपूर्वक विश्लेषण गरेका वर्णाश्रमको व्याख्याका क्रममा चार आश्रम र तिनको नैतिक आचारसंहिता स्थापित गरेको छ । हिन्दू दर्शनमा स्थापित ब्रह्मचर्याश्रम, गृहस्थाश्रम, वानप्रस्थाश्रम र सन्यासाश्रमको व्यवस्था गरी आर्य जीवनको अनुशासन र पद्धतिलाई स्थापित गरेको छ । यस लेखमा आर्यदर्शनका आदिम अनुभव र जीवन अभ्यासको दीर्घसाधनाबाट निर्माण भएका आश्रम व्यवस्था, तिनले स्थापित गरेको आचारसंहिता र जीवनदर्शनका सम्बन्धमा विश्लेषण र अर्थापन भएको छ ।

*शब्दकुञ्जी* : गृहस्थाश्रम, ब्रह्मचर्याश्रम, वानप्रस्थाश्रम, सन्यासाश्रम

**विषयप्रवेश**

आश्रम व्यवस्था भन्नाले एउटा मानवको सम्पूर्ण जीवनलाई विभिन्न कालखण्डमा विभाजन गरी विभाजित कालखण्डअन्तर्गतको जीवनमा निर्वाह गर्नुपर्ने काम, कर्तव्य र दैनिकी भन्ने बुझिन्छ । मानव जीवन एक निश्चित आयु वा कालखण्डको हुनेगर्दछ । मानव जीवनको सम्पूर्ण अवधिमा विभिन्न अवस्था र कलखण्डहरू आउँछन् । यसर्थ सम्पूर्ण जीवनको अवस्था वा परिस्थितिअनुसार विशिष्ट कार्य गर्ने अभिप्रायले आश्रम व्यवस्थाको परिकल्पना आर्यहरूले गरेका थिए । मानिस आफ्नो जीवनको सबै अवस्थामा सबै कार्यहरू गर्न समर्थ्य हुँदैन, तसर्थ उमेर र अवस्थाअनुसार गर्नुपर्ने फरक–फरक कर्तव्य र दायित्व निर्धारित व्यवस्था नै आश्रम व्यवस्था हो भनी हिन्दू सामाजिक व्यवस्थामा उललेख गरिएको छ । प्राचीन हिन्दू समाजमा जीवनलाई सुसंस्कृत, सुसंगठित र सुव्यवस्थित बनाउने अभिप्रायले आश्रम व्यवस्थाको परिकल्पना गरिएको थियो । वास्तवमा प्राचीन आर्यहरूले अत्यन्त चिन्तनशील भएर जविनको वैज्ञानिक विभाजनस्वरूप आश्रम व्यवस्थाको सोच प्रस्तुत गरेका थिए, जसले मानजीवनलाई तथ्यपरक ढङ्गबाट दिशानिर्देश गरेको थियो । आर्यहरूले मनोवैज्ञानिक ढङ्गले मानवले कार्यव्यवहारलाई समाजशास्त्रीय र मनोविश्लेषणका आधारमा मूल कर्तव्यहरूको विभाजन गरेका थिए । आर्य विचार दर्शनअनुसार जीवनमा परिश्रम, कर्तव्य, बौद्धिकता, धार्मिकता र आध्यात्मिकताको योग रहेको हुन्छ, यसकारण उनीहरूले जीवनका यी सबै पक्षहरूको समाष्टिगत रूपमा जीवनको व्याख्या गरेका छन् ।

जीवनको लक्ष्य केवल भोग गर्नु र जीवन बिताउनु मात्र होइन, जीवन भनेको योगमय आदर्शवान् आध्यात्मिक मार्गको अनुसरण गर्दै मोक्ष प्राप्तितर्फ अग्रसर हुनु हो । अर्थात् मानवले जीवनका सम्पूर्ण पक्षहरूको सन्तुलित तवरले उपयोग, भोग, त्याग, उपलब्धि, प्राप्ति र योगदान गरेर जीवन निर्वाह गर्नुपर्दछ । त्यस्ता केही विशिष्ट कार्यहरू गर्नुपर्दछ ।

मानव जीवनमा श्रम, सात्विक र शुद्ध चरित्रले उसको व्यक्तित्त्वको निर्माण गर्दछ जुन आध्यामिक प्रगतिमा सहायकसिद्ध हुन आउँछ । यस दृष्टिकोणले आश्रम व्यवस्थाको परिकल्पना प्राचीन आर्यहरूको अद्वितीय ज्ञान र प्रज्ञाको प्रतीक हो । जसमा ज्ञान र विज्ञान, लौकिक र परलौकिक, कर्म र धर्म तथा भोग र त्यागको अद्भुत समन्वय सन्निहित छ । एउटा मानव को पुरूषार्थ (मूल कर्तव्य) को अवधारणा पनि आश्रमकै माध्यमबाट प्रकट हुनआउँदछ । मूल कर्तव्य वा पुरूषार्थको प्राप्ति ( धर्म, अर्थ, काम, मोक्ष) पनि आश्रमकै माध्यमले सम्भव मानिएको छ । अतः मानव जीवनको वास्तविकतालाई आत्मसात् गर्दै ज्ञान, कर्तव्य, त्याग र अध्यात्मका आधारमा जीवनका चार अवस्थालाई चार आश्रम– “ब्रम्ह्मचर्य”, “गृहस्थ”, “वानप्रस्थ” र “संयास” का रूपमा व्यवस्थित गरिएको छ । यसरी विभाजित चार अवस्था वा आश्रमका माध्यमले मानवले मोक्षको कामना र प्राप्ति गर्नसक्ने अवधारणा वैदिक संहितामा अभिव्यक्त भएको छ ।

**समस्याकथन**

प्रस्तुत लेखको प्रमुख समस्या भन्नु नै वैदिक धर्म र संहितामा आश्रम व्यवस्थाका विषयमा विमर्श गरी निष्कर्षमा पुग्नु हो । वैदिक संहितामा प्रयोग भएका भाष्यले मानवीय धर्मका रूपमा आश्रम व्यवस्थाको सांस्कृतिक पक्ष तथा त्यमा मानवीय धर्मको भूमकिालाई प्रस्तुत गरेको छ । यस लेखमा वैदिक संहितामा अभिव्यक्त भएका अवधारणालाई संश्लेषण गरी त्यसको उपादेयताको विश्लेषणका लागि निम्नलिखित शोध्यप्रश्नलाई आधार बनाइएको छ :

(क) पूर्वीय हिन्दू दर्शनमा ब्रह्मचर्य आश्रमव्यवस्था केकस्तो छ ?
(ख) पूर्वीय हिन्दू दर्शनमा वानप्रस्थआश्रम व्यवस्थाको परिकल्पना कसरी भएको छ ?
(ग) पूर्वीय हिन्दू दर्शनमा गृहस्थाश्रम व्यवस्थाको परिकल्पना कसरी भएको छ ?
(घ) पूर्वीय हिन्दू दर्शनमा सन्यासाश्रम व्यवस्थाको प्रयोजन के हो ?

प्रस्तुत लेखको प्रमुख उद्देश्य वैदिक संहितामा अभिव्यक्त भएका अश्रमव्यवस्थासम्बन्धी अभिमतको निरूपण नै हो । वैदिक संहिता र यसका विषयमा विवेचना भएका भाष्यका आधारमा शोधसमस्या र शोध्यप्रश्नको निरूपण यस लेखमा भएको छ भने यलका लागि संस्कृतिसम्बन्धी अवधारणात्मक आधारको उपयोग भएको छ ।

## ***शोधविधि र अवधारणात्मक पर्याधार***

प्रस्तुत लेख गुणात्मक अनुसन्धान विधिमा आधारित छ । यस लेखमा द्वितीयक स्रोतका सामग्रीको उपयोग भएको छ । यस लेखको सामग्रीको स्रोत पुस्तकालय हो । सनातन हिन्दू दर्शनले व्यवस्था गरेका आश्रमसम्बन्धी अवधारणा र त्यसका सार्विक मूल्यका सम्बन्धमा प्रस्तुत भएका अवधारणा र नतमा वद्यमान ज्ञानलाई संश्लेषण गरी यस लेखका लागि उद्धरणको निर्माण गरी तिनलाई निगमनाट्टमक ढाँचामा प्रस्तुत गरिएको छ । यस लेखमा आश्रमका विषयमा आएका तर्क र तिनले स्थापित गरेका मानकका आधारमा सङ्कलित सामग्रीको विश्लेषण भएको छ ।

संस्कृति संस्कृत भाषाबाट आएको तत्सम शब्द हो । संस्कृति परम्परागत मूल्य र मान्यताद्वारा निर्देशित र नियन्त्रित मानवीय जीवनपद्धति र अनुशासित जीवनको आध्यात्मिक पद्धति हो । समकालीन संस्कृतिको परिभाषाभित्र सबै प्रकारका मानवीय आचरण र जीवनशैलीको प्रतिबिम्बन पर्दछन् । संस्कृति अनुशासित र व्यवस्थित जीवनपद्धतिलाई संस्कृतिअन्तर्गत राखिन्छ जसले बृहत्तर मानव समुदायको आस्था र पहिचानलाई आफ्नो दायरामा समेटेको हुन्छ (अधिकारी, २०७४, पृ. १०) । संस्कृति वैयक्तिक वस्तु नभई भावनात्मक रूपमा जोडिएका समुदायका सदस्य र तिनले गर्ने सामाजिक व्यवहारबाट निसिद्ध वस्तुका रूपमा समाजले ग्रहण गरेको विधि वा पद्धतिको नियमित व्यवस्थाका रूपमा

समाजमा अवशिष्ट रहेको हुन्छ (रेग्मी, २०५०, पृ. १३) । संस्कृतिले मानव सभ्यताको विकासको शिलशिलासँगै समाजलाई व्यवस्थित गर्न र सामाजिक गतिविधिको व्यवस्थापनका लागि सचेत र असचेत रूपमा निर्मित सामाजिक व्यवहार र ती व्यवहारबाट निर्देशित रही जीवनपद्धतिको सञ्चालन गर्ने एकभाषी समुदायको सामाजिक अवस्थालाई संस्कृति मानिन्छ (भाटिया, फ्लावरड्यु र रोडनी सन् २००८, पृ. ५) । संस्कृति र यसका मूलभूत मान्यतालाई संश्लेषण गर्दा समाज विकासको सुदीर्घ परम्परामा मान्छेले देखेको, भोगेको र अनुभव गरेको जीवनपद्धति र मान्छेलाई निश्चित अनुशासन र अपनत्वको विकास गर्न अभिप्ररित गर्ने प्रमुख माध्यमका साथै राष्ट्र, राष्ट्रियता, धर्म, साहित्य, सङ्गीत, कला, आचार÷व्यवहार, बौद्धिकता जस्ता संज्ञान र तिनको उत्तराधिकारको हस्तान्तरण जस्ता भावात्मक विषय पर्दछन् । यस लेखमा संस्कृतिको बृहत्तर परिभाषामा पर्ने हिन्दू अश्रम व्यवस्थाको विश्लेषण तलका सन्दर्भमा भएको छ ।

## नतिजा र विश्लेषण

मानव जीवनलाई कर्मका आधारमा व्यवस्थित गर्ने उद्देश्यले हिन्दू सामाजिक व्यवस्थामा चार प्रकारका आश्रमहरूको व्यवस्था गरिएको छ । ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्यास । विभिन्न धर्मसूत्रहरूले पनि यिनै चारप्रकारका आश्रमहरूको वर्णन गरेको बताइन्छ । सन्यास आश्रमका लागि भने केही सूत्रहरूले "परिव्राजक" शब्दको उल्लेख गरेको बताइन्छ । महाकाव्यहरूले पनि चार प्रकारका आश्रमको व्यवस्था गरेका छन् । पतञ्जलिले चार आश्रमलाई "चतुराश्रम्य" भनेको छन् भनी उल्लेख गरिएको छ (मिश्र, सन् २००१, पृ. २१९) । मनुले पनि ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ र यति गरी चार आश्रमको उल्लेख गरेका छन् (मनुस्मृति, सन् १०४६, पृ. ६७८) । हिन्दू सामाजिक व्यवस्थामा ब्रह्मणका लागि यो चार आश्रम अत्यन्त आवश्यक बताइएको छ । जुन ब्राह्मणले यो चार आश्रमको पालना शास्त्रसम्मत ढङ्गले पालना गर्दछ यसले परमगति प्राप्त गर्दछ भनिएको छ । ब्रह्मणका अतिरिक्त अन्य वर्णले तीन आश्रमको पालना गर्नु भनिएको छ । तीन वर्ण क्षत्रीय, वैश्य र शुद्रका लागि सन्यास आश्रमको व्यवस्था गरिएको थिएन । विद्याको लागि ब्रह्मचर्य सबै वर्णले पालना गर्नुपर्ने गृहस्थ, इन्द्रियको दमनका लागि वा प्रस्थ र मोक्ष प्राप्तिका अभिलाषाका लागि सन्यास आश्रमको व्यवस्था गरिएको थियो । विभिन्न पुराणहरूले पनि चार आश्रमको महिमागान गरेका छन् । विष्णुपुराणका अनुसार ब्रह्मचारी, गृहस्थी वानप्रस्थी र परिव्राजक चार आश्रमी थिए, पाँचौ कोही छैनन् (अग्रवाल, सन् १९१२, पृ. २१९) । पुराणका उल्लेखअनुसार गृहस्थ, भिक्षु, आचार्यकर्मा(ब्रह्मचारी) र वानप्रस्थी चार आश्रमजीवी छन् र वर्ण धर्मलाई प्रतिष्ठित गराउनका विभिन्न स्रोत, साहित्य, ग्रन्थ र व्यक्तिद्वारा हिन्दू सामाजिक जीवनमा स्थापित चार प्रकारका ब्रह्मचर्य, वानप्रस्थ, गृहस्थ र सन्यास आश्रमको विवेचना तलका सन्दर्भमा भएको छ ।

## पूर्वीय हिन्दू दर्शनमा ब्रह्मचर्य आश्रम

हिन्दू सामाजिक संगठन वा व्यवस्थामा बौदिक र शिक्षित जीवनका लागि ब्रह्मचर्य आश्रमको व्यवस्था गरिएको देखिन्छ । ब्रह्मचर्य आश्रमको पालना बाटै विद्या र शिक्षा प्राप्त हुनेगर्दथ्यो । जसका कारण मानवको ज्ञानको गरिमाको बृद्धि हुनेगर्दछ । व्यक्तिको मानसिक र बौद्धिक विकासको माध्यम पनि ब्रह्मचर्य आश्रम नै हो । "ब्रह्मचर्य" शब्द दुई शब्द "ब्रह्म" र "चर्य" को संयोजनबाट बनेको छ । ब्रह्मको अर्थ वेद अथवा महान् र चर्य को अर्थ नै विचण गर्नु अथवा "अनुसरण गर्नु" हो (उपाध्याय, सन् १९४५, पृ. ७७) । यी दुबै शब्दको सामाजिक अर्थ ब्रह्ममार्गमा हिँड्नु वा अनुसरण गर्नु भन्ने हुन्छ । ब्रह्मचर्यको तात्पर्य इन्द्रिय निग्रहमान होइन, यसका साथमा वेदाध्यायन पनि हो । ब्रह्म र वेदको घनिष्ठ सम्बन्ध रहेको छ । ब्रह्मचर्यको अर्को अर्थ हुन्छ वेदमार्गमा हिँड्नु वा ब्रह्मज्ञान प्राप्त गर्नु । उपनिषद युगमा ब्रह्म ज्ञानको प्रतिष्ठा अत्यन्त श्रेष्ठ मानिएको थियो । तप, त्याग, संयम र नियम ब्रह्मभर्य आश्रमका आधार भूततत्त्व मानिएका छन् । किनकी जीवनलाई सार्थक् बनाउने दृष्टिले यिनको उपयोगिता अत्याधिक थियो । आफ्नो तपस्यायुक्त र संयमी जीवनका माध्यमले ब्रह्मचारीले ज्ञान र विज्ञानको भण्डारलाई आफूमा सामाहित गर्ने सामर्थ्य प्राप्त गर्थ्यो ।

महाभारतमा उल्लेख गरिए अनुसार ब्रह्मचर्य आश्रममा रहने ब्रह्मचारीको बाह्य र आन्तरिक शुद्धि हुनेगर्दछ र त्यस्ता ब्रह्मचारी वैदिक संस्कार र व्रत, नियमहरूको पालना गरी आफ्नो मनलाई वशमा राख्ने प्रयत्न गर्नुपर्दछ । बिहान–बेलुका सन्धा उपासना, सूर्य उपासना र अग्नि होत्रद्वारा अग्निदेवको आराधना गर्नुपर्दछ । तन्द्रा र आलस्यलाई त्याग गरी प्रत्येक दिन गुरूलाई प्रणाम गरी वेदको श्रवण र अभ्यासद्वारा अन्तरआत्मालाई पवित्र गराउनुपर्दछ । दैनिक तीनपल्ट प्रातः मध्यान्ह र सन्ध्या कालमा स्नान गर्नुपर्दछ । दैनिक भिक्षा मागेर ल्याई गुरूलाई अर्पण गरी आफूले पनि त्यसैबाट जीवन निर्वाह गर्नुपर्दछ । गुरूलाई आज्ञा विपरीत कुनै पनि कार्य गर्नुहुँदैन । हिन्दू सामाजिक व्यवस्थामा यसरी ब्रह्मचारी गुरूको नियन्त्रण र निर्देशनमा रही आफ्नो ब्रह्मचर्य आश्रमको धर्म निर्वाह गर्नुपर्दछ भनिएको छ (उपाध्याय, सन् १९७२, पृ. ६७०) । ब्रह्मचर्य आश्रमपश्चात् ब्रह्मचर्य आश्रमको वर्णन गरेका छन् । यसमा आश्रमको महत्त्वलाई क्रम दिएको भान हुन्छ ।

हिन्दू सामाजिक व्यवस्थामा ब्रह्मचर्य आश्रमको प्रारम्भ“उपनयन” (व्रतबन्ध –जनै धारण गर्ने संस्कार) संस्कारपश्चात् आरम्भ हुनेगर्दछ । अपनयन शब्दको शाब्दिक अर्थ उप (समीप– नजिक) र नयन (लैजानु) भन्ने हुन्छ यसप्रकार समीप वा नजिक लैजाने अर्थ बोकेको उपनयन शब्दको वास्तविक अर्थ “गुरूका समीपमा लैजानु” भन्ने हुन्छ । यस्तो उपनयन संस्कार शुद्र वर्णबाहेक अन्य तीन द्विज वर्णहरूको हुनेगर्दथ्यो । यस संस्कारपश्चात् मात्रै कुनै पनि वर्णका ब्रह्मचर्य आश्रममा प्रवेश गर्न पाउँथे । उपनयन नभएका लाई द्विज (दुईपटक जन्मिएको –एकपटक आमाको गर्भबाट र अर्कोपटक अपनयन संस्कारबाट) भनिदैनथ्यो । उसलाई आफ्नो वर्णको सदस्यको रूपमा पनि गणना गरिँदैनथ्यो । उपनयन संस्कार सम्पन्न नगरेका सबै वर्णकालाई उपनयन संस्कारको सम्पन्नता अनियमित र अनुत्तदायी जीवनको समाप्रिसँग सम्बन्धित मानिएको थियो । उपनयन संस्कारपश्चात् नियमित, अनुशसित र गम्भीर जीवनको प्ररम्भ भएको हो ।

उपनयन संस्कारका सम्बन्धमा अनेक हिन्दू साहित्यहरूले वर्णन गरेका छन् । जसअनुसार आपस्तम्ब धर्मशूत्रले ब्रह्मणको उपनयन संस्कार वसन्त ऋतुमा गर्नुपर्ने, क्षत्रीयले ग्रीष्म ऋतुमा गर्नुपर्ने र वैश्यको शरदमा गर्नुपर्ने निर्देश गरेको छ । तीनै वर्णहरूको उपनयन संस्कार सम्पन्न गर्दा अलग अलग मन्त्रको उच्चारण गर्नुपर्ने विधान रहेको थियो । ब्रह्मणका लागि “गायत्री मन्त्र”, क्षत्रीयका लागि “त्रिष्टुभ मन्त्र”, र वैश्यका लागि “जगती मन्त्र” सुनाउनु पर्ने बताइएको छ (पाण्डेय, सन् १९७६, पृ. ३६८) । जसका आधारमा सूत्रकालसम्म युवती वा स्त्रीलाई पनि वेद अध्ययनको अधिकार रहेको बुझ्न सकिन्छ । वेद अध्ययनपश्चात् अर्थात् ब्रह्मचर्य आश्रमको अन्त्रितममा गरिने समावर्तन संस्कारमा स्त्रीलाई समावेश गरिएको आधारमा सूत्रकालको प्रारम्भमा उपनयन र वेदाध्ययनका लागि स्त्री र पुरूषबीच भेद नगरिएको उल्लेख छ (बहादुर, सन् १९७८, पृ. १७८) । यसका आधारमा स्त्री पनि ब्रह्मचर्य जीवन व्यतित गरी शिक्षा प्राप्त गर्नसक्थे । उनीहरूलाई विवाहको समयमा जनै (यज्ञोपवित) धारण गर्नुपर्ने निर्देश रहेको बताइन्छ, जुन निर्देशले पनि उपनयन संस्कारको सङ्केत गरेको छ ।

विभिन्न धर्मशास्त्रहरूमा उपनयन संस्कारका लागि आयुको निर्धारण पनि गरिएको छ । अलगअलग वर्णका लागि अलगअलग आयुको निर्धारण गरिएको छ । जसअनुसार ब्रह्मण बालकका लागि आठ बर्ष आयु निर्धारित गरिएको थियो । गृहसूत्रहरूले ब्रह्मण, क्षत्रीय र वैश्यलार्य क्रमशः आठ, एघार र बाह्र बर्ष निर्धारण गरिएको बताइन्छ । स्मृति ग्रन्थहरूले पनि यस्तै प्रकारको व्यवस्था गरेका थिए । मनुले पनि ब्रह्माण भए गर्भ देखि आठ बर्ष, क्षत्रीय भए गर्भ देखि एघार र वैश्य भए गर्भ देखि बाह्र बर्षमा उपनयन संसकार सम्पन्न गर्नुपर्ने उल्लेख गरेको बताइन्छ । यसरी उपनयन संस्कारपश्चात् यज्ञोपवित(जनै) नियमित रूपमा धारण गर्नुपर्दथ्यो । ब्रह्मचारी दुईप्रकारका वस्त्र लगाउनुपर्थ्यो उत्तरीय (उर्ध्ववस्त्र–शरीरको माथिल्लो भागमा) र वास (अधोवस्त्र–शरीरको तल्लो भागमा लगाउने) गरी दुईप्रकारको वस्त्र लगाउने निर्देश रहेको थियो ।

## पूर्वीय हिन्दू दर्शनमा गृहस्थ आश्रम

हिन्दू सामाजिक संगठन र व्यवस्थामा सबैभन्दा ठूलो र महत्त्वपूर्ण आश्रमको रूपमा गृहस्थ आश्रमलाई लिइने गरिन्छ। गुरूकुलमा जीवन व्यक्ति गरे पश्चात् विद्यार्थी दीक्षत्त(समावर्तन संस्कार) समारोह पश्चात् विवाह संस्कार सम्पन्न गरी घरजम सुरू गरेको अवस्थालाई गृहस्थ आश्रम भनिन्थ्यो । तर यसप्रकारको व्यवस्थाको पालना न गर्नेलाई खट्वारूढ(खाटमा बसी रहने) जस्तो निन्दासूचक शब्दले सम्बोधन गर्दै उसलाई ब्रह्मचार्य ब्रतलाई खण्डित गर्ने मानिएको बताइन्छ। अतः विवाह उपरान्त गृहस्थ आश्रम थियो। पूराणहरूका विवरणअनुसार गृहस्थ आश्रम नै अन्य आश्रमहरूको जननी रहेको बताइन्छ। तसर्थ केही धर्मशास्त्रहरूले आश्रमहरूको चर्चा गर्दा सर्वप्रथम गृहस्थ आश्रमको चर्चा गरेका छन्। यसप्रकारको चर्चाले गृहस्थ आश्रम महत्त्वपूर्ण आश्रमको अस्तित्त्वमा रहेको देखाउँदछ।

मनुले गृहस्थ आश्रमलाई प्राथमिकतामा राखी चर्चा गरेका छन् । मनुका अनुसार जसरी सबै नदी सागरमा समाहित हुन्छन् । त्यसैगरी सबै आश्रम गृहस्थ आश्रममा सामाहित हुन्छन् । यस आश्रममा पति–पत्नी एकअर्कासँग सहआस्तित्त्वमा रहेर धर्मअनुकुल व्यवहार गर्ने गर्दछन्। गृहस्थ आश्रमबाटै अरू आश्रमको विकास र विस्तार हुनेगर्दछ र उसैको अनुग्रह र आदरमा अन्य आश्रम निर्भर रहन्छन् भनिएको छ। यसै कारण गृहस्थ आश्रमलाई जेठो आश्रम पनि मानिएको छ। ऋषिव्यासको भनाइअनुसार गृहस्थ धर्मको पालना गर्नेलाई कुरूक्षेत्र, नैमिषाख्य, हरिद्वार र केदार तीर्थको प्राप्ति हुनेगर्दछ र उसको समस्त पाप पखालिने छ। गृहस्थ आश्रमको तुलना आमासित गरिएको छ। जसरी आमाको साथ पाएर सबै सन्तान जीवित रहन्छन् त्यसैगरी गृहस्थ आश्रमको आधार पाएर अन्य आश्रम जीवित रहन्छन् भनिएको छ (बर्थ, सन् १९६९, पृ. ६८) । महाभारतले पनि गृहस्थ आश्रमलाई प्रतिष्ठायुक्त मान्दै अरू आश्रमभन्दा उत्कृष्ट बताएको छ । गृहस्थको त्याग गरेर सन्यासी बन्नेलाई निन्दा गरिएको छ। गृहस्थ आश्रममा नै मानवले देवता, पितृ र अतिथिको सेवा सत्कार गरी त्रिवर्ग (धर्म, अर्थ र काम) को प्रप्ति गर्ने हुनाले यसलाई महत्त्वपूर्ण स्थान प्राप्त छ।

## पूर्वीय हिन्दू दर्शनमा वानप्रस्थ (बैखानस) आश्रम

वानप्रस्थ अर्थात् “वनतर्फ प्रस्थान” गर्ने आश्रमको रूपमा वानप्रस्थ आश्रमलाई बुझिन्छ । यो आश्रम गृहस्थ आश्रमको समाप्तिपश्चात् शुरू हुने आश्रम हो। जब कुनै मानवले आफ्नो समस्त गृहस्थ कर्म र उत्तरदायित्वहरू सम्पन्न गरिसक्दछ त्यसबखत उल्लेख सासांरिक सबै प्रकारका माया मोहहरूको त्याग गरी वानप्रस्थ जीवन अगाल्नु पर्ने निर्देश हिन्दू सामाजिक व्यवस्थामा रहेको छ । वैदिक युगीन आख्याक साहित्यको रचना नै यसरी वानप्रस्थीहरूद्वारा अख्य(जङ्गल)मा गरिएको बताइन्छ । उपनिषद युगमा आएर वानप्रस्थ जीवनको व्यापक भएर गएको बताइन्छ । तत्कालीन समवमा गृहस्थ जीवनपश्चात् (लगभग ५०० बर्ष उपरान्त) व्यक्ति वनमा गएर एवान्त जीवन व्यतित गर्दै आफ्नो ज्ञान र विचारको बृद्धि गर्दथे। केही धर्मशास्त्रहरूले मनुष्य ब्रह्मचर्य आश्रमपश्चात् पनि सिधै वानप्रस्थ आश्रममा प्रवेश गर्नसकिने बताएका छन्। गौतमले वानप्रस्थ बुझाउन “वैखानस” शब्दको प्रयोग गरेको हो। वौधायन्तको मतअनुसार वैखानसको शास्त्रगत नियम पालना गर्नेहरू वानप्रस्थी हुन्। मनुले जब व्यक्तिको कपाल सेतो हुन्छ, शरीरको छाला चाउरी पर्दछ र उसको नातिले जन्म लिन्छ भने त्यस अवस्थामा व्यक्ति वानप्रस्थी भएर जङ्गलतर्फ लाग्नु भन्ने निर्देश दिएको छ (वशाम, सन् १९५१, पृ. १६६)। यसका साथै व्यक्ति एक्लै जाने वा पत्नीसहित वनतर्फ जानका लागि यदि पत्नी रित्तो हात जान मञ्जुर गरेमा उसलाई पनि साधमा लानु नत्र पत्नीलाई छोराहरूको जिम्मा लगाई आफूमात्र वानप्रस्थ लाग्ने निर्देश गरिएको छ। महाभारतले पनि यस्तै प्रकारको व्यवस्थाको उल्लेख गरेको छ। वानप्रस्थ आश्रमको व्यवस्था मनुष्यलाई गृहस्थ कर्तव्य पूरा गरी एकान्त स्थलमा ध्यानपूर्वक चिन्तन मनन गर्ने दृष्टिले गरिएको छ। गृहस्थ जीवनपश्चात् जसले वानप्रस्थ जीवन आपनाउँदैन उक्त कार्य पापयुक्त हुने बताइएको छ। फलतः प्रत्येक द्विज गृहस्थका लागि वानप्रस्थ जीवन पनि अनिवार्य थियो।

**वानप्रस्थको उद्देश्य**

वानप्रस्थ जीवनको परिकल्पना व्यक्तिलाई त्याग तपस्या, अहिंसा र ज्ञानप्रप्तिका दृष्टिले गरिएको थियो। वानप्रस्थ आश्रमको प्रमुख उद्देश्य व्यक्तिको आध्यात्मिक उत्कर्ष र भौतिक सुखसुविधाको त्यागतर्फ अग्रसर गराउनु रहेको थियो। विद्या, शरीरको शुद्धि र तपस्याको बृद्धिका लागि वानप्रस्थको एंवन गरिने बताइन्छ। यस्तो उद्देश्य प्राप्तिका लागि संयमित र कठोर अनुशासनको आवश्यकता पर्दछ। तसर्थ गृहस्थ जीवन त्याग गरी व्यक्ति एकान्तस्थलमा गई चिन्तन, मनन र ध्यानमा लिप्त भएर दैनिकी बिताउने उद्देश्य वानप्रस्थले बोकेको थियो।

**वानप्रस्थी जीवन**

वानप्रस्थ आश्रममा प्रवेश गरेपछि व्यक्तिको जीवन अत्यन्त त्यागमय, साधनारत र तपस्यायुक्त हुनेगर्दथ्यो। यस अवसथामा व्यक्तिले ब्रह्मचार्य, इन्द्रिय निग्रह साथसाथै सत्य र अहिंसाको पनि पालना गर्नुपर्दथ्यो। मनुका अनुसार यस आश्रममा व्यक्तिद्वारा वेदको अध्ययन गर्नु, चिसो–तातो, सुख–दुःख आदि विपरित परिस्थितिलाई सहजै स्वीकार गर्नु, सबैसँग मित्रभाव राख्नु, मनलाई नियन्त्रण राख्नु, दानशील हुनु, दान ग्रहण नगर्नु, सबै जीव प्रति दयाभाव राख्ने कार्य गर्नु आवश्यक मानिएको छ (काणे, सन् १९९२, पृ. ७०)। यस्ता नितीनियम र व्यवहारहरू अपनाउँदै व्यक्ति पचासदेखि पचहत्तर बर्षको उमेर व्यतित गर्नुपर्ने बताइन्छ। तसर्थ इन्द्रियनिग्रह, सबै जीवप्रति दयाभाव, सांसारिकताबाट विरक्ति, भिक्षाद्वारा जीवन निर्वाह आदि वानप्रस्थीको मुख्य धर्म मानिएको थियो। वानप्रस्थ आश्रममा पञ्चमहायज्ञ र अतिथि सत्कार गर्नु पनि प्रमुख कर्तव्यभित्रै पर्दथे। मनुका अनुसार यस आश्रममा आफ्नो भोज्य पदार्थ (भोजन) द्वारा नै वानप्रस्थीले पञ्चमहायज्ञ सम्पन्न गर्नु, भिक्षा दिनु(जल र जङ्गलमा) फलफूल(कन्दमुल आदिको) र अतिथिको स्वगत गर्नु, शरीरलाई निरन्तर तपस्यामा लगाउनु, अतिथिको स्वागत गर्नु, कपाल, दाह्री र नङ नकाट्नु, वनमा उपलब्ध वस्तुलाई नै वस्त्रको रूपमा उपयोग गर्नु भनिएको छ। यसप्रकार वानप्रस्थीको जीवन अत्यन्त साधानायुक्त, संयममुक्त र तपस्यायुक्त हुनेगर्दथ्यो। संसारिकता र भौतिकताको त्याग वानप्रस्थीका लागि आवश्यक मानिएको थियो। वानप्रस्थी एकाग्र मनले आफ्नो तपस्यायुक्त जीवनको पालना गर्ने गर्दथे। वानप्रस्थीहरूलाई मानिस बसोवास गर्ने गाउँमा प्रवेश गर्न वार्जित थियो क्षमा दिनु, दान दिनु र संग्रह नगर्नु उसका सामान्य कार्यहरू थिए। उसले सात्य र असत्य बीचको भेदका बारेमा जानकारी राख्नु आवश्यक थियो। दुःख र तृष्णाबाट ऊ मुक्त मानिन्थ्यो। आसक्तिबाट टाढा रहँदै ऊ आध्यात्मिक र ब्रह्मज्ञान प्राप्तिमा तल्लीन रहनु पर्दथ्यो। यस अवस्थामा व्यक्तिले बाहय र आन्तरिक तपका माध्यमले आफ्नो व्यक्तित्वको विकास तर्फ अग्रसर हुनुपर्दथ्यो। बाध्य तपअन्तर्गत कया–क्लेश, (शारीररिक कष्ट) अनशन, (अन्नपानी आदिको त्याग) अपमौदर्य, वृत्ति परिसंख्यान, रस पारित्याग पर्दछन् भने आन्तरिक तपअन्तर्गत विनय, प्रायश्चित्त, वैयावृत्य, स्वाध्याय, ध्यान र व्युत्सर्ग पर्दछन् (काणे, सन् १९९२, पृ. ७३)।

महाभारतमा पनि गृहस्थले आफ्ना सम्पूर्ण कर्तव्य र दायित्वबाट मुक्त भएर आयुको तेश्रो भागमा वन तर्फ प्रस्थान गर्नुपर्ने बताएको छ। बनमा बसोवास गरी वनमा उपलब्ध खानेकुरा खानुपर्ने उल्लेख पनि गरेको छ। भूईं वा जमिनलाई शैया बनाउनुपर्ने, कपाल दाही–नङ काट्नु नहुने, देवता र अतिथिलाई सम्मान गर्नुपर्ने, अग्निहोत्र सम्पन्न गर्नुपर्ने, ब्रह्मचर्य–क्षमा–शौच– र सनातन धर्मको पालना गर्नुपर्ने कुरा महाभारतले उल्लेख गरेको छ। यसो गर्नाले देवलोकको प्राप्ति हुनेगर्दछ। मनुले वानप्रस्थीका लागि भूईंमा सुत्नुपर्ने, यताउति हिँड्ने अथवा खुट्टाको अगाडिको भागको सहयोगले हिँड्ने वा बस्ने, दिनमा तीनपटक स्नान गर्ने, तपस्याका क्रममा गर्मीमा पञ्चग्नि ताप्ने, बर्षामा खुला मैदान निस्कने र जाडोमा चिसो कपडा ओढेर जीवन बिताउने निर्देश गरेका छन्। कामन्दकले पनि वानप्रस्थीका लागि जुन नियम सूत्रकार र स्मृतिकारले बताएका छन्, त्यसैलाई समर्थन गरेको छ। वानप्रस्थ आश्रमले वास्तवमा मोक्ष मार्गको साक्षात्कार गराउँदै मनुष्यलाई साधना र तपस्याका लागि उत्प्रेरित गर्दछ। पारिवारिक र सबै खाले भावनात्मक सम्बन्धहरूलाई विच्छेद गराउँदछ। वानप्रस्थको

व्यवस्था र नियमबद्ध कर्तव्यद्वारा व्यक्ति आफ्नो चरित्र र व्यक्तित्वलाई उजिल्याउने गर्दथ्यो। वानप्रस्थ व्यक्ति क्रमशः समाज र कुटुम्बबाट टाढा हुँदै अन्त्यमा पूर्णतःयः अलग हुन्थ्यो। उसले नियन्त्रणयुक्त जीवनको पूर्ण अभ्यास गर्नुपर्दथ्यो जसमा काम, क्रोध, वासना, स्प्रहा, असत्य, प्रतिगह आदि त्याग हुन्थे। मन र मस्तिष्कलाई पूर्णतः पवित्र र निर्मल राख्ने कोशिस गरिन्थ्यो। बौद्धिक र आध्यात्मिक उन्नति नै परम लक्ष्य थियो। समस्त मानवका प्रति दया र सहानुभुति प्रदर्शन गर्दै अतिथिहरूको आदर सत्कार नै वानप्रस्थीको मूल कर्तव्य थियो। वानप्रस्थीले तपस्यायुक्त, क्षमाशील, दानशील, आचाणशील र सत्यशील व्यक्तित्वको निर्माणमा प्रयत्नरत रहनुपर्दथ्यो र सांसारिक–भौतिक माया मोहबाट अनाकार्षित रहेर सत्य र ज्ञानको मार्गमा अग्रसर हुने तपस्या र ब्रत अपनाउनु पर्दथ्यो। वानप्रस्थीको यस्तो त्याग र ज्ञान सम्पन्न जीवनले उसको निवृत्तिमूलक व्यक्तित्वको विकास गर्दै उसलाई मोक्षको मार्गमा अग्रसर गराउँथ्यो।

### पूर्वीय हिन्दू दर्शनमा सन्यास आश्रम

मानवजीवनको अन्तिम आश्रम सन्यास आश्रम थियो। जीवनको अन्तिम भाग लगभग पचहत्तर बर्षदेखि सय बर्ष वा त्यसभन्दा पछिसम्मको आयुको चरण वा अवस्थामा निर्वाह गर्नुपर्ने आश्रमलाई सन्यास आश्रम भनिएको छ। यसलाई चौथो आश्रम पनि भनिएको छ। वानप्रस्थ आश्रमपश्चात् सन्यास आश्रम शुरू हुनेगर्दथ्यो। वानप्रस्थ अवस्थामा जीवन व्यतित गरेर समस्त सांसारिक मायामोह बाट आफूलाई पूर्णतः तहस्थ बनाई एकान्तिक तपस्वी जीवनको चरणमा पुरूषार्थको अन्तिम लक्ष्य मोक्ष सन्यास आश्रमबाट प्राप्त हुने विश्वासमा यसलाई प्रतिष्ठापित गरिएको हो। सन्यासीलाई भिक्षु पनि भनिएको छ। यसैगरी सन्यासीलाई "यति", "परिवाद्"र "पारिव्राजक"को संज्ञा पनि दिइएको छ। वैदिक ग्रन्थमा सन्यासीका लागि "यति" शब्दको प्रयोग भएको बताइन्छ। सूत्रकालबाट "सन्यास"र "भिक्षु" शब्द अधिक प्रचलनमा आएको बताइन्छ। सन्यासको अर्थपूर्ण त्यागसँग सम्बन्धित छ भने भिक्षुको भिक्षुवृत्तिसँग र "यति"को "तपस्वी" सँग सम्बन्ध रहेको छ। सन्यास अथवा योगको इतिहास वा परम्परालाई इतिहासकारहरूले प्रागैतिहासिक कालीन मान्दै यसलाई सिन्धुघाँटी सभ्यताबाट प्राप्त पशुपति "अङ्कित सीत छापले समेत सङ्केत गरेको बताइन्छ। जसले सम्भवत व्यक्ति समाजबाट सन्यास तर्फ उन्मुख भएको किया व्यक्त गर्दछ भनिएको छ। योगी वा सन्यासी समूहको उल्लेख योगी शब्दले चाहिँ सन्यासीको भाव नबोकेको बताइन्छ। ऋग्वेदमा सन्यासीका लागि "यति","मुनि"र "ऋषि" शब्दको प्रयोग भएको जसले जादु, रहस्यात्मक कार्य र तपस्याको अर्थ दिएको छ (काणे, सन् १९९२, पृ. ९१)। उत्तरवैदिक साहित्यमा भने सन्यासी बुझाउनका लागि "तपस्वी","सन्यासी","परिव्राजक","योगी" आदि शब्दको प्रयोग भएको छ। सन्यास आश्रम मानवजीवनको सबैभन्दा अन्तिम र वानप्रस्थभन्दा पछाडिको आश्रम थियो। मनुका अनुसार आफ्नो उमेरको तेश्रो चरणमा वानप्रस्थामा रहेर अर्थात् जङ्गलमा परिव्राजक हुनुपर्दछ (मिश्र, २००१, पृ. २२९)। मनुले नै एउटा मानवको सम्पूर्ण आयुलाई सय बर्षको मानेर यसलाई चारभागमा बाँडेर चार चरण वा अवस्थाको रूपमा आश्रमको अवधारण प्रस्तुत गरेका हुन्। यसप्रकार प्रत्येक आश्रम पच्चीस बर्षका मानिएका छन्। शुरूदेखि (जन्मदेखि) पच्चीस बर्षसम्म ब्रह्मचार्य आश्रम, पच्चीसदेखि पचाससम्म गृहस्थ आश्रम, पचासदेखि पचहत्तरसम्म सन्यास आश्रमको सहायता आवश्यक थियो। तर अनुतरदायी र गृहस्थ जीवनका कर्तव्यहरू पूर्णरूपमा पालना नगरेका व्यक्ति सन्यासका लागि योग्य मानिदैनथे। मनुको कथनअनुसार मनुष्यले देवऋण, ऋषिऋण र पितृऋण चूक्ता गरेर मात्र मोक्षको कामना गर्नसक्दथ्यो।

### सन्यासीको जीवन

हिन्दू विचारकहरूले सनयास धारण गर्ने दुई वर्गको उल्लेख गरेको बताइन्छ। पहिलो वर्गमा त्यस्ता सन्यासीहरू पर्दथे जो व्यक्तिगत रूपमा समाज, समुदाय र परिवारसँग पूर्णतः अलग भइरहन्थे। अर्को वर्गमा त्यस्ता सन्यासी पर्दथे, जो त्यागी तपस्वीको समूहमा बन्दथे। यसप्रकार पहिलो वर्गका लाई "योगी" भनिएको छ भने दोश्रो वर्गका लाई "त्यागी" भनिएको छ (मिश्र, २००१, पृ. २३८)। तर "योगी" संज्ञाद्वारा परिचित सन्यासी समाजमा विरलै मात्र पाइन्थे। समाजमा

अस्तित्त्वमा रहेको यसप्रकारका सन्यासी मध्ये ब्रह्मचार्य, गृहस्थ र वानप्रस्थ हँदै आएको व्यक्ति सन्यास आश्रममा पूर्णरूपेण निर्लिप्त रूपमा आफ्ना इच्छा, आकाङ्क्षारहित भएर मोक्षप्राप्तिको अभिलाषामा आफ्नो आत्मालाई ब्रह्मको आराधनमा लगाउने गर्दथ्यो । सन्यास आश्रमको मूल उद्देश्य मोक्ष प्राप्त गर्नुथियो । मोक्षप्राप्तिका लागि अत्यन्त ठूलो साधना र तपस्याको आवश्यकता पर्दथ्यो । यसर्थ सन्यासीको जीवन समस्त राग, द्वोष, माया–मोहबाट अलग, पूर्णतः एकाङ्की हुनुपर्थ्यो । उसले आफ्नो इच्छा, आकाङ्क्षा, इन्द्रिय, आचरण आदिमा नियन्त्रण राख्नु पर्ने बताएको छ । कुनै पनि कुराको संग्रह गर्न उसलाई प्रतिबन्ध थियो । उसले सबैलाई अभय भावमा रहन प्रेरित गर्दै वेदका अलावा अन्य कर्मप्रति निरक्त रहनुपर्थ्यो । यसका लागि उसले सबैलाई सभ्भाव राख्नुपर्ने बिज र अण्डजबाट जन्म लिने कुनै पनि जीवनका प्रतिका द्रोहको भावना राख्नु हुँदैनथ्यो ।

महाभारतका अनुसार सन्यासी अग्नि, धन, पत्नी र सन्तानका प्रति सँधै अनासक्त रहनुपर्दछ सन्यास अवस्थामा वस्त्र, आसन, शैया, आदि सुखका साधनको त्याग गरेर यताउता घुमी रहनुपर्दछ । मनुले सन्यासीलाई एकाङ्की (एक्लो) जीवन व्यतित गर्ने निर्देश दिएको बताइन्छ (गुप्ता, सन् २०१३, पृ. ६१) । पुराणहरूमा पनि सन्यासीले पुत्र, द्रव्य र पत्नी प्रति अनासक्त रहनु पर्ने बताइएको छ । अनेक शास्त्रकारहरले सांसारिक सबै प्रकारका वस्तुप्रतिको अनासक्तताका कारणले मात्र ज्ञानको प्रप्ति सम्भव हुने कुरा बताएका छन् । यहाँसम्मकी यताउता हिड्डुल गर्दा सन्यासी यत्रतत्र दृष्टि नदिई भूईंमा हेरेर हिँड्नु पर्ने बताइएको छ । मनुले त्यस्ता व्यक्तिलाई सन्यासी स्वीकार गरेका छन्, जो लौकिक अग्निरहित , गृहहीन, शरीर रोगग्रस्त भए पनि चिकित्सक कहाँ नजाने, स्थीर बुद्धि, ब्रह्मलाई मनन गर्ने, ब्रह्मभाव राख्ने गर्दछन् । यस्तो गुणले सम्पन्न सन्यासी मात्र गाउँमा भिक्षा माग्न जानसक्ने बताइएको छ । सन्यासी अहिंसाको अनुयायी, द्वन्दरहित , क्रोधहीन, सत्यनिष्ठ र क्षमाशील हुनेगर्दथे । उसका लागि क्रोध र मोहको त्याग गरेर अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अपरिश्रह, शौच, (शुद्धता) सन्तोष, तप, स्वाध्ययन र ईश्वरप्रदत्त नीतिनियमहरूको पालना गर्नु अनिवार्य थियो । सन्यासी इन्द्रिय निग्रहका अलावा इन्द्रियलाई पराजित गर्नु पनि आवश्यक थियो ।

इन्द्रियलाई पराजित गरेर मात्र नियम र सद्चरित्रको पालना गर्ने सामर्थ्य प्राप्त हुन्थ्यो । मनुको कथनअनुसार विषय वासनाप्रति आकर्षित इन्द्रियहरूलाई अल्पभोजन र एकान्तवासका माध्यमबाट पराजित गर्नसकिन्छ । इन्द्रियहरूलाई अल्पभोजन र एकान्तवासका माध्यमबाट पराजित गर्नसकिन्छ । इन्द्रियहरूलाई आआफ्ना विषयहरूबाट अलग राख्नाले राग, द्वेष, त्याग तथा हिंसाबाट मुक्ति पाउने मार्ग प्रशस्त हुनेगर्दछ, तसर्थ इन्द्रियहरूलाई पराजित गर्नसक्ने नै वास्तविक भिक्षु कहलाउन योग्य हुन्छ । आफ्ना इन्द्रियहरूलाई वशमा राख्नसक्ने व्यक्ति नै विशुद्ध र सात्विक आचारण गर्न समर्थ हुनेगर्दछ । मनुष्यको अन्तस्करणका समस्त खराबीहरू र विकारहरू इन्द्रियलाई पराजित गरेर मात्र मुक्ति मार्गको यात्रा सम्भव छ, त्यसैले सन्यासीले इन्द्रियहरू माथि नियन्त्रण गर्नु परम् आवश्यक थियो । सन्यासीका लागि ब्रह्ममा लीन रहनुपर्ने निर्देश गरिएको छ । उसलाई त्यति मात्र भोजन गर्ने निर्देश थियो जति भोजनले उसको प्राण धान्न सकोस् । उसलाई एकदिनमा एकपल्ट मात्र भिक्षा ग्रहण गर्ने सुविधा थियो, भिक्षाका प्रति आसक्त रहने व्यक्ति अन्य विषयप्रति पनि आसक्त हुनसक्दछ भन्ने मान्यताले उसलाई यसप्रकारको निर्देशन गरिएको बताइन्छ ।

विभिन्न शास्त्र र शास्त्रकारहरूले भ्रमणशीलतालाई भिक्षुको प्रमुख विशेषता रहेको स्वीकार गरी उसलाई “परिव्राजक” को श्रेणीमा राखेका छन् । यस्तो भिक्षु वा सन्यासी (परिव्रजाक) गाउँमा एक रात र नगरमा पाँच रातभन्दा बढी नबस्नु भनिएको छ । यस्तो नियमले उसलाई सासांरिक मायामोहबाट अलग राख्न मद्दत पुऱ्याउने बताइएको छ (गुप्ता, सन् २०१३, पृ. ६४) । यसर्थ सन्यासीलाई अशक्त हुँदाहुँदै पनि भ्रमण गरिरहनु आवश्यक मानिएको थियो । सन्यासीको जीवन अत्यन्त तपस्यायुक्त र कठोर साधनायुक्त थियो । सन्यासी आफ्नो लक्ष्य मोक्ष प्राप्तिका लागि शरीर र मनलाई द्रढतापूर्वक् कठोर बनाउने गर्दथ्यो र पूर्णतः उदासीन रहँदै निवृत्ति मार्गमा अग्रसर हुनेगर्दथ्यो । संसारका भौतिक पदार्थहरूप्रतिको

आसक्तता त्याग गर्दै मनलाई एकाग्र बनाएर आफ्नो उद्देश्य मोक्षप्राप्तिको कार्यमा साधनारत रहने उसको दिनचर्या हुन्थ्यो। ब्रह्मप्रति पूर्णतः आस्थावान भएर सन्यासी सांसारिक विषय वासनाबाट टाढा बस्न प्रयासरत रहन्थे। समाजबाट पूर्णतः अलग भए तापनि दृढ अनुशासन, संयम, तपस्या, निवृत्ति, अहिंसा र विराग भावद्वारा समाजलाई सही मार्ग निर्देशन गर्दथे। समाजका मानिस सन्यासीको अनुशासनात्मक आध्यात्मिक र सन्यासयुक्त जीबनबाट आलोकित हुँदै शिक्षाग्रहण गर्दथे र भविष्यको प्रेरणा प्राप्त गर्दथे। यसप्रकारको भिक्षुको आदरणीय व्यक्तित्वका कारण उसको अत्याधिक सम्मान थियो। जनसाधारणका लागि सन्यासी पूजनीय प्रतिष्ठित थिए। पतञ्जलिले सन्यासीलाई “क्रौशशतिक” संज्ञा दिएको बताइन्छ, जसको अर्थ हुन्छ सय कोस उसलाई अभिनन्दन गर्नु हो।

**निष्कर्ष**

आर्य सभ्यताका रूपमा विकसित वैदिक (वेदमा आधारित) सभ्यतालाई उच्चकोटिको सभ्यता मानिएको छ। वैदिककालका आर्यहरूद्वारा व्यक्त विचार, दर्शन, मान्यता, जीवन निर्वाहका सम्बन्धमा उनीहरूबाट व्यक्त धारण, चिन्तन र व्याख्याले उनीहरूमा रहेको उन्नत र अदभूत क्षमताको परिचय दिन्छ। यस कालका ती अद्भूत चेतनायुक्त आर्यहरूद्वारा मानजीवनको अस्तित्त्व र त्यसको कर्तव्यका उमेर, अवस्था र आवश्यकताअनुसारको काम–कर्तव्य निर्दिष्ट गरिएको व्यवस्था नै आश्रम व्यवस्थाका रूपमा बुझ्नसकिन्छ। जसले समन्वयात्मक ढङ्गले लौकिक र परलौकिक जीवन र जगतका लागि गर्ने काम कर्तव्यहरू निर्दिष्ट गर्न सफल भएको छ । वैदिककालमा आर्यहरूले अद्भूत चेतनाको माध्यमद्वारा लौकिक र परलौकिक जीवनको व्याख्या गरी उनीहरूले आफूमा रहेको चेतनाशक्तिको यही क्षमताद्वारा मानवजीवनलाई सफल र सार्थक तुल्याउन लौकिक जीवन र परलौकिक जीवनका लागि गर्नुपर्ने कर्तव्यहरू निर्दिष्ट गरेर आर्यहरूले मानव जगत्लाई वास्तविक रूपमा मागदर्शन गरेका छन्। मानव प्राणीजगतकै सदस्य हो, तापनि उसमा चेतना शक्तिको अपार भण्डार रहेको हुन्छ, जसका कारणले ऊ अन्य प्राणीभन्दा सजीव, सक्रिय र विकाशशील छ।

मानवको यस्तै गुणहरूलाई महासुस गरेर आर्यहरूले त्यसलाई परिष्कृत र पारिमार्जित गर्नका लागि अनेक किसिमका विधिविधान, संस्कार, मान्यता, विश्वास आदिको विकास गरी जीवन सफल बनाउने चित्र कोर्न सफल भए। जीवनलाई निर्दिष्ट गर्न कोरिएका यस्तै मार्गाचित्रहरूमा आश्रम व्यवस्थाको परिकल्पना पनि आर्यहरूले उन्नत सोचेको फलस्वरूप विकसित भएको देखिन्छ। जीवनलाई वैज्ञानिक पद्धतिले व्याख्या र विश्लेषण गरी अवस्थाअनुसार कार्य गर्नाले जीवनको गति स्वभाविक ढङ्गले अगाडि बढ्छ र लक्ष्य प्राप्ति हुन्छ भन्ने मान्यतामा परस्पर विरोधीजस्तो लाग्ने कर्मलाई पनि समन्वयात्मक ढङ्गले प्रस्तुत गर्नु आश्रम व्यवस्थाको मूल विशेषता देखिएको छ। वास्तवमा मानव जीवन, पशुसमान निर्वाह गर्नका लागि मात्र प्राप्त समय होइन, मानव उन्नत चेतनायुक्त विकाशशील प्राणी हो। मानवले आफ्नो चेतनाशक्तिका माध्यमले समस्त प्राणीको रक्षा गरी आफ्नो सृष्टिको उपादेशयतालाई पुष्टि गर्नुपर्दछ। यही सोचलाई प्रकट रूपमा प्रस्तुत गर्ने प्रयोजनाका लागि आश्रम व्यवस्थाको परिकल्पना आर्यहरूद्वारा भएको निष्कर्ष प्राप्त गर्नसकिन्छ।

**सन्दर्भ सामग्रीसूची**


अग्रवाल. वासुदेवशरण (सन् १९१२). *पाणिनीकलीन भारत*. मोतीलाल बनारसीदास ।

अधिकारी, अनिल (२०७४). टक्सार क्षेत्रमा प्रचलित लोकसाहित्य र संस्कृतिको अन्तर्सम्बन्ध. *सहयात्रा*, वर्ष–१, अङ्क–१, सहयात्रा प्रकाशन ।

उपाध्याय, बलदेव (सन् १९५४). *भारतीय दर्शन*, बिहार हिन्दीग्रन्थ अकादमी ।

उपाध्याय, वासुदेव (सन् १९५४). *प्राचीन भारतीय स्तूप, गुहा एवम् मन्दिर*, बिहार हिन्दीग्रन्थ अकादमी ।

काँणे, पाण्डुरंग बामन (इ.स. १९९२). *धर्मशास्त्रका इतिहास भाग–१*, (चौथो संस्क.), हिन्दी संस्थान ।

गुप्ता, राजाराम (सन् २०१३). *मनुस्मृति*, पुस्तक महल ।

पाण्डेय, विमलचन्द्र (सन् १९७३). *भारतबर्षका सामाजिक इतिहास*, बिहार हिन्दीग्रन्थ अकादमी ।

भाटिया, फ्लावरड्यु र रोडनी (२००८). इन्ट्रोडक्सन. *डिस्कोर्स एनालिसिल फर ल्याङ्वेज टिचर्स*, टायलर एन्ड फ्रान्सिस ग्रुप ।

मिश्र, जयशङ्कर (सन् २००१). *प्राचीन भारतका सामाजिक इतिहास*, बिहार हिन्दीग्रन्थ अकादमी ।

रेग्मी, जगदीशचन्द्र (वि.सं. २०५०). *प्राचीन नेपाली संस्कृति*, साझा प्रकाशन ।

Bahadur, K. P. (1978). *Caste, Tribe & Culture of Ancient India*, Calcutta.

Barth, A. (1969). *Religion of India*, New Delhi.

Basham, A. L. (1951). *The wonder that was India*, London.